# हिमालयन रिइन्स्योरेन्स लिमिटेड
# Himalayan Re-insurance Limited

रजिष्टर्ड कार्यालय : वडा नं. १, काठमाडौं, नेपाल
कर्पोरेट कार्यालय : ललिता भवन, महाराजगञ्ज, काठमाडौं
फोन नं.: ०१-४००३१२२, ४००३१२३, ४५४३४३२
इमेलः contactus@himalayanre.com, वेबसाइटः www.himalayanre.com

## साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला भईरहेको बारे सूचना

हिमालयन रिइन्स्योरेन्स लिमिटेडको कुल जारी पूँजी रु.१०,००,००,००,०००/- (अक्षरेपी दश अर्ब रुपैयाँ मात्र) को ३० प्रतिशतले हुन आउने रु.३,००,००,००,०००/- (अक्षरेपी तीन अर्ब रुपैयाँ मात्र) रकम बराबर प्रति शेयर रु.१००/- अंकित दरका ३,००,००,००० कित्ता साधारण शेयरमा प्रिमियम वापत रु.१०६/- थप गरी प्रति शेयर रु.२०६/- अंकित दरले हुन आउने रु.६,१८,००,००,०००/- (अक्षरेपी छ अर्ब अठार करोड रुपैयाँ मात्र) सर्वसाधारणमा निष्काशनको लागि छुट्याईएको छ। सो मध्येबाट २ प्रतिशत अर्थात् ६,००,००० कित्ता शेयर कम्पनीमा कार्यरत कर्मचारीहरुलाई सुरक्षित गरिएको र १० प्रतिशत अर्थात् ३०,००,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई तथा ५ प्रतिशत अर्थात् १५,००,००० कित्ता शेयर सामूहिक लगानी कोषलाई बाँडफाँड गरी बाँकी रहेको २,४९,००,००० कित्ता साधारण शेयरहरु मिति २०८० मंसिर २७ गतेदेखि मिति २०८० पौष ०१ (छिटोमा) गतेसम्म सर्वसाधारणका लागि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सर्वसाधारणहरुबाट ३ कार्यदिनसम्ममा आवश्यक मात्रामा आवेदन प्राप्त नभएकोले छिटोमा बन्द हुने समयमा निष्काशन बन्द नभई कम्पनीको प्रकाशित विवरणपत्रको दफा २२ को ''ण'' मा भएको व्यवस्था अनुसार निष्काशन तथा बिक्री खुल्ला भईरहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

**साथै, आवश्यक संख्यामा आवेदन प्राप्त भए पश्चात् सो सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरी निष्काशन खुल्ला भएको ४ कार्यदिन पश्चात् कुनै पनि दिन निष्काशन तथा बिक्री बन्द गरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।**

| दरखास्त दिन पाउने न्यूनतम शेयर संख्या : १० | दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : ३,००,००० |
|---|---|

**दरखास्तसाथ प्रति शेयर रु.१००/- मा प्रिमियम वापत रु.१०६।- थप गरी प्रति शेयर रु.२०६।- का दरले शत्प्रतिशत भुक्तानी माग गरिएको ।**

### कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानी

| विवरण | वास्तविक | | अपरिष्कृत २०८० आषाढ मसान्तसम्म | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व.०७७/७८ | आ.व.०७८/७९ | | आ.व.०८०/८१ | आ.व.०८१/८२ | आ.व.०८२/८३ |
| प्रति शेयर नेटवर्थ (रु.) | १००.१३ | १०३.०७ | ११०.९२ | १४९.७१ | १६५.२३ | १८८.०९ |
| प्रति शेयर आम्दानी (रु.) | ०.१३ | ४.१७ | ६.३२ | १०.२६ | १५.५२ | २२.८६ |
| संचित नाफा/नोक्सान (रु. हजारमा) | ९,४२४ | २९२,१०८ | ४४२,४३१ | १,०२६,४६३ | १,५५२,१०० | २,२८६,१८९ |

### रेटिङ्ग सम्बन्धी विवरण

स्वीकृत विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड, डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८०/०३/१८ मा "[ICRANP-IR]A-" (Pronounced ICRA NP Issuer Rating A) प्रमाणपत्र प्राप्त गरेको छ। "[ICRANP-IR]A-" ले Adequate degree of safety regarding timely servicing of financial obligations जनाउँदछ। ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR]AAA देखि [ICRANP-IR]D सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा [ICRANP-IR]AAA ले बलियो आधार जनाउँछ भने [ICRANP-IR]D ले कमजोर आधार जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ। सो रेटिङ्गको वैद्यता अवधि मिति २०८१/०३/१७ सम्म रहनेछ।

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्व:विवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

NMB CAPITAL
एनएमबि क्यापिटल

**एनएमबि क्यापिटल लिमिटेड**
बालुवाटार, काठमाडौं, नेपाल, फोनः ९७७-०१-४५३७९६३
इमेलः info@nmbcl.com.np वेबसाइटः www.nmbcl.com.np